# सहिदभूमि राजपत्र

सहिदभूमि गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड-५, सङ्ख्या- ८ सहिदभूमि राजपत्र, मिति : २०८०/०२/२५

भाग - २

सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

# सहिदभूमि गाउँपालिकाको कर्मचारीको तह वृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८०

**कार्यपालिकावाट स्वीकृत मितिः २०८०।०२।२२**

**१.प्रस्तावनाः** स्थानीय सेवाको गठन संञ्चालन र सेवाका शर्तहरु सम्वन्धमा व्यवस्था गर्न जारी गरीएको स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश, २०८० अनुसार स्थानीय तहका कर्मचारीहरुको तह वृद्धि/बढुवा कार्यान्वयन गर्न बाञ्छनीय भएकोले,

स्थानीय सेवाको गठन संञ्चालन र सेवाका शर्तहरु सम्वन्धमा व्यवस्था गर्न कोशी प्रदेशवाट जारी गरीएको स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी सहिदभूमि गाँउपालिकाको कार्यपालिकाबाट यो कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याईएको छ।

२. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "**सहिदभूमि गाउँपालिकाको कर्मचारीको तह वृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८०**" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

३. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अध्यादेश" भन्नाले स्थानीय सेवाको गठन संञ्चालन र सेवाका शर्तहरु सम्वन्धमा व्यवस्था गर्न जारी गरीएको स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश २०८० भन्ने सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले सहिदभूमि गाउँपालिकाको कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्छ।

(ग) "कर्मचारी" भन्नाले स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्नेछ र सो शब्दले कर्मचारी समायोजन ऐन २०७५ वमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई समेत जनाउने छ।

(घ) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले अध्यादेशको दफा १११ बमजिमको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले सहिदभूमि गाँउपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(छ) "अन्य सेवाका कर्मचारी" भन्नाले साविकका स्थानीय निकायबाट स्थायी नियुक्ति पाइ कर्मचारी समायोजन ऐन २०७५ प्रारम्भ हुदाँका वखत स्थानीय तहमा कार्यरत कर्मचारी वा प्रदेश वा स्थानीय तहमा सेवा हस्तान्तरण भएका समिति, आयोग प्रतिष्ठान वा यस्तै प्रकृतिका संगठित संस्थाका स्थायी कर्मचारी सम्झनु पर्छ।

(ज) "स्थानीय सेवा" भन्नाले **स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश** २०८० को दफा ३ बमोजिम स्थानीय तहमा रहने स्थानीय सेवालाई सम्झनु पर्छ।

(झ) "स्थायी पद" भन्नाले निवृत्तभरण वा योगदान मूलक निवृत्तभरण वा उपदान पाउने र म्याद नतोकिएको स्थानीय सेवाको पद सम्झनु पर्छ।

(ञ) "कार्यालय" भन्नाले सहिदभूमि गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

४. <u>सूचना प्रकाशन गर्नेः</u> (१) यो कार्यविधि बमोजिम सहिदभूमि गाउँ गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह बृद्धिका लागि कार्यालयले प्रत्येक वर्षको जेठ महिना र मंसिर महिनामा सम्भाव्य उम्मेद्वारहरुका लागि ३० दिनको म्याद दिई दरखास्त आह्वानको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिदाँ अनुसूची-१ बमोजिमको ढाँचामा देहायमा उल्लेखित कागजातहरु सम्लग्न गरी तोकिए बमोजिमको म्याद भित्र दरखास्त पेश गर्नु पर्नेछ।

क) स्थायी नियुक्ति पत्रको प्रतिलिपी,

ख) समायोजन भएको पत्रको प्रतिलिपी,

ग) नेपाली नागरिकताको प्रतिलिपी,

घ) न्यूनतम शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपी,

ङ) यस गाउँपालिकामा स्थायी दरबन्दी भई अन्यत्र कामकाज गर्न खटिएका कर्मचारीले आफु कार्यरत रहेको कार्यालयमा नियमित रुपले कामकाज गरि रहेको सिफारिस पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचना पार्टी, वडा कार्यालयहरुको सूचना पार्टी र गाउँपालिकाको वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ।

५. <u>मूल्याङ्कन तथा सिफारिस समितिः</u> (१) तह वृद्धि/बढुवाका लागि प्राप्त हुन आएका निवेदन र कागजातको मूल्याङ्कन गर्न देहाय वमोजिम तह वृद्धि सिफारिस समिति रहने छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत –अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको वरिष्ठ महिला कर्मचारी – सदस्य,

(ग) कार्यपालिकाले तोकेको वरिष्ठ कर्मचारी – सदस्य.

(२) सिफारिस समितिको सचिवालयको काम प्रशासन शाखाले गर्नु पर्नेछ।

(३) तह वृद्धिका लागि सिफारिस भएका कर्मचारीहरुलाई कम्तिमा एक तह माथिको प्रमुख प्रशासकीय अधिकृतवाट र माथिल्लो तहको प्रमुख प्रशासकीय अधिकृत नभएमा प्रमुख सचिववाट तह वृद्धिका सिफारिस भएको सात दिन भित्र अनुसूची २ बमोजिमको ढाँचामा लागू हुने गरी सम्वन्धित सेवा, समूह वा उपसमूहमा तह वृद्धिको पत्र दिनु पर्नेछ।

६. <u>आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः</u> (१) स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्दा अध्यादेशको दफा २८ बमोजिम तह वृद्धि हुने पद भन्दा एक तह मुनीको पदमा पाँच वर्ष सेवा अवधि पूरा भएका, पछिल्लो तीन वर्षको कार्य सम्पादन मुल्यांकनमा औषत नब्बे प्रतिशत अंक प्राप्त गरेका र देहाय वमोजिम न्यूनतम शैक्षिक योग्यता पुरा हासिल गरेका यस गाउँपालिका पाचौं र सातौं तहका कर्मचारीहरुले तह वृद्धिका लागि तोकिएको ढाँचामा निवेदन दिन सक्ने छ।

(क) पाँचौं तहवाट छैटौं तहमा तह वृद्धिका लागि सेवा समूहसँग सम्वन्धित विषयमा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह उत्तिर्ण,

(ख) सातौं तहवाट आठौं तहमा तह वृद्धिका लागि सेवा समूहसँग सम्वन्धित विषयमा कम्तिमा स्नातक तह वा सो सरह उतिर्ण,

(ग) नवौं तहबाट दशौं तहमा वृद्धिका लागि सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण,

(घ) स्वास्थ्य सेवा अन्तर्गत कर्मचारीको हकमा स्वास्थ्य सेवा सम्वन्धी संघीय कानूनले तोकेको न्युनतम योग्यता।

(२) कर्मचारी समायोजन ऐन २०७५ वमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीको हकमा समायोजन हुनु पूर्वको सम्वन्धित पदको सेवा अवधि, श्रेणी वा तह कायम गरेको अवधि समेत जोडी गणना गरिनेछ।

(३) अध्यादेशको दफा २९ बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको बढुवा गर्दा अध्यादेशको दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्यांकन तथा जेष्ठता र कार्यसम्पादन मूल्यांकनद्धारा बढुवा हुने पदहरुमा बढुवा हुन सम्भाव्य उम्मेद्वार हुने तल्लो पदमा सेवाकालीन तालिम लिएका र पछिल्लो तीन वर्षको कार्य सम्पादन मुल्याँकनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र विज्ञापन हुनभन्दा अघिको असार मसान्तसम्ममा देहाय बमोजिमको न्यूनतम अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ-

क) दशौं तहवाट एघारौं तहमा तह वृद्धिका लागि सेवा समूहसँग सम्वन्धित विषयमा कम्तिमा स्नाकोत्तर तह उत्तिर्ण गरेको दशौं तहमा कम्तिमा तीन बर्ष सेवा अवधि पूरा गरेको,

(ख) आठौं तहवाट नवौं तहमा तह वृद्धिका लागि सेवा समूहसँग सम्वन्धित विषयमा कम्तिमा स्नातक तह उत्तिर्ण गरेको आठौं तहमा कम्तिमा तीन बर्ष सेवा अवधि पूरा गरेको,

(ग) छैटौं तहबाट सातौं तहमा तह वृद्धिका लागि सेवा समूहसँग सम्वन्धित विषयमा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको छैटौं तहमा कम्तिमा तीन बर्ष सेवा अवधि पूरा गरेको,

(घ) चौथो तहवाट पाचौं तहमा तह वृद्धिका लागि सेवा समूहसँग सम्वन्धित विषयमा कम्तिमा एस.ई.ई वा सो सरह उत्तीर्ण गरेको चौथो तहमा कम्तिमा तीन बर्ष सेवा अवधि पूरा गरेको,

(ङ) स्वास्थ्य सेवा अन्तर्गत कर्मचारीको हकमा स्वास्थ्य सेवा सम्वन्धी संघीय कानूनले तोकेको न्युनतम योग्यता।

७. **<u>तह वृद्धि सम्वन्धी बिशेष ब्वस्थाः</u>** (१) स्थानीय तहको सहायक तेश्रो तह र चौथो तहको पदमा समायोजन भई यो अध्यादेश जारी हुदाँ दिन सम्ममा पाँच बर्ष पूरा गरेका कर्मचारी एक पटकका लागि क्रमशः चौथो र पाचौं तहमा स्वतः तह वृद्धि हुनेछ । त्यसरी स्वतः सृजना भई तह वृद्धि भएको पदमा सो कर्मचारी कुनै कारण वहाल नरहेमा सो पद स्वतः खारेज हुनेछ । तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ ।

(२) चौथो तहमा सहायक कम्पयुटर अपरेटर पदमा कार्यरत कर्मचारीलाई पाचौं तहको कम्पयुटर अपरेटर पदमा स्वतः वढुवा गरिनेछ। त्यसरी वढुवा गर्न एक तह माथिको पद

स्वतः सृजना हुनेछ र साविकको पद स्वत खारेज हुनेछ । तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ ।

(३) अध्यादेश तथा यस कार्यविधी वमोजिम अन्यत्र जुनसुकै कुरा लेखिएता पनि निजामती सेवा वाहेक अन्य सेवावाट स्थानिय तहमा समान पदमा कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम समायोजन भई सेवा अवधि ५ वर्ष पूरा गरेका पाँचौ र सातौ तहमा कार्यरत कर्मचारीलाई नियम ४,५ र ६(१) वमोजिमको प्रक्रिया पूरा गरी एक तह वृद्धि गरिने छ ।

(४) अध्यादेश तथा यस कार्यविधी वमोजिम अन्यत्र जुनसुकै कुरा लेखिएता पनि निजामती सेवा वाहेक अन्य सेवावाट स्थानिय तहमा समान पदमा कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम समायोजन भएका कर्मचारीका लागि अधिकृत स्तर सातौ र नवौ तहका पदहरुमा अध्यादेशको दफा २९ को प्रक्रिया पूरा गरी अध्यादेशमा तोकिएको वमोजिम बढुवा समितिले वढुवा गर्नेछ ।

(५) संघीय लोक सेवा आयोगवाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्धुरा स्थानीय सेवाको छैटो तहमा सिफारिस भई आएका र यो अध्यादेश जारी हुदाँ बखत सम्म तह वृद्धि नभएका कर्मचारीहरुलाई एक पटकको लागि अध्यादेश तथा कार्यविधी लागु भए पछि स्वतः एक तह वृद्धि गरिने छ ।

६) कामकाजमा खटिएका कर्मचारी सम्बन्धि व्यवस्थाः कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तथा कोशी प्रदेश अन्तरगत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह बृद्धि हुनेछ। उक्त स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/ पदाधिकार रहेको कार्यालयमा तह वद्धि गरिनेछ।

८ **. जेष्ठता कायमः** तह वृद्धि हुने कर्मचारीहरुको प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुनेछ।

९. **तह वृद्धि गर्न नहुनेः** (१) यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा नियम ५ को उप नियम (१) वमोजिम समितिले कर्मचारीलाई तह वृद्धिका लागि सिफारिस गर्न पाइने छैन ।

(क) नसिहत सजाय पाएकोमा नसिहत पाएको मितिले एक वर्ष सम्म,

(ख) निलम्वन भएकोमा निलम्वन भएको अवधि भर,

(ग) तलववृद्धि वा वढुवा रोक्का भएकोमा तलववृद्धि वा वढुवा रोक्का भएको अवधि भर,

(घ) असधारण वा अध्ययन विदा वसेकोमा सो विदाको अवधि भर,

(ङ) अध्यादेशको दफा ४२ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समुह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर।

११. <u>जानकारी दिनु पर्नेः</u> (१) यस कार्यालयले गरेको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश कितावखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

१२. <u>उजुरी/गुनसोः</u> तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

१३. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन वमोजिम हुनेछ।

फारम दर्ता नं.
मितिः

सहिदभूमि गाउँपालिकाको कर्मचारीको तह वृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८०

अनुसूची-१

**सहिदभूमि गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

पिप्ले, धनकुटा, कोशी प्रदेश

**(तह वृद्धि आवेदन फारम)**

उम्मेद्वारको हालसालै खिचेको पासपोर्ट साइजको फोटो प्रमुख प्रशासकिय अधिकृतबाट प्रमाणित

१. सूचना विवरणः

तहवृद्धिको सूचना नं............................................... मितिः.......................................

सेवा/समुहः ........................................... तह वृद्धिहुने तहः.......................................

२. उम्मेद्वारको विवरणः

उमेदवारको नाम, थरः ...................................................... कर्मचारी संकेत नं.- ...............................................

उमेदवारको नाम, थर (अंग्रेजी ठूलो अक्षेरमा) ............................................................

स्थायी ठेगानाः...................................................................................................

कार्यालयः...........................................................................................................................

बाबुको नाम,थरः ..........................................................................

आमाको नाम, थरः ......................................................................

बाजेको नाम, थरः ........................................................................

सेवाः ............................ समुह/उपसमुहः...................................... पदः ...........................................................

नागरिकता प्रमाणपत्र नं. .......................................... जारी मिति............................... जारी जिल्ला ........................

कर्मचारी संकेत नं. ............................................................ मोवाइल नं. .............................................

३. सेवाको विवरणः (शुरुदेखि हाल सम्मको)

| क्र.सं. | पदको नाम, श्रेणी/तह, सेवा, समुह/उपसमुह | कार्यालयको नाम | नियुक्ति वा बढुवा मिति | बहाल रहेको मिति | | असाधारण बिदा बसेको भए सोको अवधि | | कसरी आएको (खुल्ला, बढुवा, समायोजन/सरुवा) | स्थायी नियुक्ति गर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | देखि | सम्म | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| ३. | | | | | | | | | | |

४. शैक्षिक योग्यता (सेवा, समूह, उपसमूहसंग सम्बन्धी प्रचलित कानुन अनुसार अंक पाउने मात्र)

| शैक्षिक योग्यता | अध्ययन अवधि | | श्रेणी | शिक्षण संस्थाको नाम, ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| | | | | | |
| | | | | | |

५. हालको तह वा समायोजन हुन पहिलाको पद देखि तह वृद्धिको लागि आवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने कार्यरत अवधि ..................वर्ष ............महिना ........... दिन

६. तह वृद्धिका लागि योग्य भए/नभएको अवस्थाः

क) विभागीय कारबाही भएको/नभएकोः ............................
भएको भए कुन कारबाही भएको हो? सकिने अवधि उल्लेख गर्नुहोस् .........................................

ख) अध्यादेशको दफा २८ बमोजिम तह वृद्धि हुने पदका लागि आवश्यक न्युनतम योग्यता हासिल गरेको/ नगरेकोः ......................................

ग) असाधारण/अध्ययन विदा मा बसेको/ नवसेकोः ................................
वसेको भए सोको अवधि उल्लेख गर्नुहोस ...............................

घ) निलम्बनमा परेको/नपरेकोः .......................

ङ) पेशासँग सम्बन्धित व्यवसायी परिषद्को प्रमाणपत्रको अवधिः ...............................

७. माथि उल्लेखित विवरण ठिक छ। झुटा ठहरे कानून बमोजिम सहुँला/बुझाँउला भनी सहिछाप गर्नेः

कर्मचारीको नाम, थरः ..............................................
संकेत नं. .....................................................
पदः ................................
सहि र मितिः ...................................

| दायाँ | वायाँ |
|---|---|
| | |

सहिदभूमि गाउँपालिकाको कर्मचारीको तह वृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८०

अनुसूची-२

दफा

## (कार्यालयको लेटर हेड)

मितिः ............................

**विषयः तह वृद्धि/बढुवा सम्बन्धमा**

महाशय,

कोशी प्रदेश सरकारद्धारा स्थानीय सेवाको गठन तथा सञ्चालनसेवाका सर्तहरुको सम्बन्धमा व्यवस्था गर्न जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ........... र सहदिभूमि गाउँपालिकाको कर्मचारी तह वृद्धि/वढवा सम्वन्धी कार्यविधि २०८०, को नियम.......... बमोजिम वृद्धि/बढुवा सिफारिस समितिको मिति .................. गतेको सिफारिस अनुसार तपाईलाई देहाय बमोजिम तह वृद्धि गरिएको छ। तह वृद्धि/बढुवा हुनु भएको पदको जेष्ठता कानून बमोजिम हुनेछ।

..................................तहमा तह वृद्धि हुनु भएकोमा बधाई छ।

| साविक | तहवृद्धि/बढुवा गरिएको |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समूहः | समूहः |
| तहः | तहः |
| कार्यालयः | कार्यालयः |

श्री ....................................

(संकेत नं. ............................)

........................................

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश, विराटनगर ।
श्री प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश, विराटनगर ।
श्री प्रदेश कितावखाना, कोशी प्रदेश, विराटनगर ।
श्री कर्मचारी संचयकोष, ठमेल, काठमाण्डौं ।
श्री नागरिक लगानी कोष, नयाँ वानेश्वर, काठमाण्डौं ।
श्री आर्थिक प्रशासन शाखा, सहिदभूमि गाउँपालिका, धनकुटा ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, धनकुटा ।